दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३४८ | बुटवल | २०८१ पौष १०, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Dec.25, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# सिद्धबाबा सुरुङमार्गका तीनवटै बाइपासको 'ब्रेक थ्रु'

**११ सय २६ मिटर लम्बाइको मुख्य सुरुङ पनि झण्डै एक हजार मिटर खनिसकिएको छ। एक महिनाभित्र मुख्य सुरुङ पनि ब्रेक थ्रु हुनेछ। २०७८ सालमा सुरु भएको सुरुङमार्ग २०८३ चैत १३ गते सक्नुपर्ने सम्झौतामा उल्लेख छ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

सिद्धार्थ राजमार्गको माथिल्लो सिद्धबाबादेखि दोभान खण्डमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग आयोजनाअन्तर्गत तीन वटै बाइपास सुरुङको 'ब्रेक थ्रु' भएको छ। यसअघि बाइपास तेस्रोको २६ भदौ र बाइपास प्रथमको ४ असोजमा ब्रेक थ्रु भएको थियो।

आयोजनाका अनुसार 'बाइपास २' को आइतबार ब्रेक थ्रु सम्पन्न भएसँगै यस आयोजनाअन्तर्गत रहेका तीन वटै बाइपास सुरुङ छिचोलिएका हुन्। बाइपास दोस्रो १ सय ६१ मिटर लम्बाइको छ।

बाइपास तेस्रो १ सय ३० मिटर र बाइपास पहिलो १ सय ५१ मिटर लम्बाइका छन्।

सिद्धबाबा सुरुङको मुख्य सुरुङ भने १ हजार १ सय २६ मिटर लम्बाइको छ। जसको पछिल्लो विवरणअनुसार साढे ९ सय मिटरभन्दा बढी खन्ने काम सम्पन्न भइसकेको छ। सिद्धबाबा सुरुङ मार्ग आयोजनाकी सूचना अधिकारी इञ्जिनियर सविता ज्ञवालीले अब करिब ९० मिटर खनेपछि मुख्य टनेल पनि ब्रेक थ्रु हुने उनले बताइन्।

'अबको २०-२५ दिनभित्र मुख्य टनेल ब्रेक थ्रु हुन्छ।'- ज्ञवालीले भनिन्।

अहिले दैनिक डेढ सयदेखि दुई सय जना कामदारले काम गरिरहेका आयोजनाले जनाएको छ।

सुरुङ खनेर सुरक्षाका लागि गरिने कामका साथै बाटो फराकिलो पार्नेसहित अन्य काम सुरु भइसकेको आयोजनाले जनाएको छ। आयोजनाले भित्र काम भइरहेकाले बाहिरको काम गरेको छैन। सुरुङबाहिरको पहाडमा पहिरो बग्न नदिने गरी काम भइरहेको छ।

सुरुङमार्गभन्दा दक्षिणतर्फको सडकलाई सुरक्षित बनाउन रक सेड र सडकको डिजाइनको काम समेत अब अघि बढाइने योजना प्रमुख कृष्णराज अधिकारीले बताए। त्यसका लागि पनि डिजाइन फाइनल भइसकेको उनले बताए।

सिद्धबाबा क्षेत्रको बाहिरी पहाडमा पहिरो जान रोक्न 'रक सेड' प्रविधिबाट दक्षिणमा एक हजार ४९५ वर्गमिटरको काम भएको छ। उत्तरतर्फ ४९५ वर्गमिटर 'प्रोटेक्सन' को काम अघि बढेको छ। यो सुरुङमार्ग बाहिरपट्टिको खण्डमा रक सेड, रक फल ब्यारियर र स्लोप प्रोटेक्सनको काम हुनेछ।

योजनाअन्तर्गत बुटवलतर्फको चिडियाखोलाबाट ९ सय १० मिटर र पाल्पातर्फ ५ सय ६० मिटर दुई लेनमा सडक सुधारको काम पनि थालिने आयोजनाले जनाएको छ। मुख्य सुरुङको ब्रेक थ्रु पछि ढलान र सडक बनाउन सुरु गरिने छ। सुरुङमा लाइनिङको काम भने अझैं सुरु भइसकेको छैन।

सुरुङ खन्न एक वर्ष अगाडिदेखि सुरु भएको थियो। यो आयोजना निर्माणको ठेक्का चिनियाँ कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले लिएको छ। यहाँ टनेलसहित दोहोरो लेन, स्लोप प्रोटेक्सनसहित २.५९ किलोमिटर क्षेत्रमा विभिन्न भौतिक संरचना बनिरहेका छन्। बुटवललाई पोखरा र पश्चिम नेपालका विभिन्न गन्तव्यसँग जोड्ने सिद्धार्थ राजमार्गमा सुरुङ निर्माणको काम सम्पन्न भएपछि पहिरोको जोखिम हट्ने र आवागमन सहज हुने अपेक्षा गरिएको छ। यो आयोजना ७ अर्ब ३४ करोड रुपैयाँ लागतमा बन्दैछ। सिद्धबाबा सुरुङमार्ग आयोजना २०७८ सालमै सुरु भएको हो। सुरुङमार्ग १३ चैत २०८३ मा सक्नुपर्ने सम्झौतामा उल्लेख छ।

इपीसी मोडलको ठेक्का भएकाले यसअन्तर्गतका सम्पूर्ण संरचनाको डिजाइन, निर्माण तथा मर्मतको जिम्मा निर्माण व्यवसायीको रहनेछ।

## सरकार असफल : राप्रपा




बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको सरकार ६ महिना नपुग्दै असफल भएको भन्दै खबरदारी सभा गर्ने भएको छ।

मंगलबार राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले विज्ञप्ति निकालेर पार्टीको पक्षमा जनमत सिर्जना गर्ने र आन्दोलन तयारी गर्ने पुस र माघ महिनाभर प्रदेश, जिल्ला र स्थानीय तहमा विरोधका कार्यक्रम र खबरदारी सभा गर्ने निर्णय गरेको बताए।

उनले विज्ञप्तिमा भनेका छन्-'एमाले-कांग्रेस गठबन्धन सरकार ६ महिना नपुग्दै असफलतातर्फ उन्मुख भएको छ, संसदको पहिलो र दोस्रो दल सम्मिलित सरकारले पनि जनतामा उत्साह पैदा गराउन असफल रहेको र जनचाहना बमोजिम विकास र सेवा प्रवाह दिन चुक्यो।'यसका साथै राप्रपाले सरकारलाई ७ बुँदे सहमतिको वाचा र संविधान संशोधनको प्रतिबद्धता स्मरण गराउँदै उक्त समझदारीप्रति गम्भीर हुन आग्रह गरेको छ।

यस्तै सहकारी पीडित नागरिकको बचत र आर्थिक सुरक्षालाई जोड दिँदै सहकारी समस्यामा गम्भीर बन्न सरकारसँग राप्रपाले माग गरेको छ। सहकारीको बचत रकम हिनामिना गर्ने जोकोहीलाई कानुनी कारबाही दायरामा ल्याउन पनि राप्रपाले सरकारलाई आग्रह गरेको हो।

## सरकारसँग जनता असन्तुष्ट : कांग्रेस नेतृ

बुटवल । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. डिला संग्रौलाले वर्तमान सरकार सञ्चालनले जनता सन्तुष्ट नभएको टिप्पणी गरेकी छन्।

मंगलबार बुटवलमा पत्रकारहरुसँग बोल्दै नेतृ संग्रौलाले जुन उद्देश्यका साथ सरकार गठन भएको हो, त्यो उद्देश्य पूरा गर्न सफल नभएको जिकिर गरिन्। तत्काल संविधान संसोधनको प्रक्रिया अगाडि बढाउनुपर्ने कुरामा नेतृ संग्रौलाको जोड थियो।

कांग्रेसले सञ्चालन गरेको १०० दिने अभियानको क्रममा जनतासँग पुग्दा जनताले विकासको अनुभूति नगरेको, सरकार सञ्चालनमा भएकाहरु अल्मलिएको बताइन्। कांग्रेसले सञ्चालन गरेको अभियान संगठनलाई मजबुद बनाउन, जनतासँग नेताहरु पुगी समस्या पहिलाउन र समाधान गर्नका लागि देशभर प्रतिनिधि खटिइ क्रियाशिल वितरण पनि अगाडि बढाएको बताइन्।

क्रियाशिल वितरणको काम सुरु भएसँगै महाधिवेशनको तयारी सुरु भएको बताउँदै समयमै कांग्रेसको महाधिवेशन हुने कुरामा विश्वस्त भएको बताइन्। वर्तमान सत्ता गठबन्धन सत्ताको लागि मात्र होइन, अस्थिरता अन्त्यसँगै संविधान संशोधनकै लागि कांग्रेस एमाले एक ठाउँमा सत्ता सहकार्य गर्न पुगेको संग्रौलाले बताइन्। संविधान संशोधनमा निर्वाचन प्रणाालीसहितका संरचना संशोधन गर्नका लागि प्रक्रिया अगाडि बढेको बताएकी नेतृ संग्रौलाले कार्यदलमार्फत् अगाडि बढाउँने बताइन्।

» बाँकी ३ पेजमा

# कांग्रेसको नेतृत्वमा राजनीतिक परिवर्तन भयो : सिंह




**लुम्बिनी संवाददाता**
*बुटवल*

उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले नेपाली कांग्रेसको नेतृत्वमा राजनीतिक परिवर्तन भएको दाबी गरेका छन्। रुपन्देहीको बुटवल उप-महानगरपालिकाले आयोजना गरेको भेटघाट तथा नेपाली कांग्रेस जिल्ला कार्यसमिति, रुपन्देहीले मंगलबार भैरहवामा आयोजना गरेको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम दुबैमा उनले कांग्रेसको नेतृत्वमा परिवर्तन भएको दाबी गरे।

बुटवल उप-महानगरपालिकामा आयोजना गरिएको कार्यक्रममा बोल्दै उनले तीन तहका सरकार विकासका कार्यमा एक भएर काम गरेमा समृद्धि आउने तर्क गरे। उनले बुटवल उप-महानगरपालिकाले गरेको कामको प्रशंसा गर्दै अझैं पनि विकासका कार्य गर्दा आफूले साथ दिने प्रतिबद्धता व्यक्त गरे। उनले स्थानीय, प्रदेश र संघ सरकार एक भएर लागेमा देशको समृद्धि हुन समय नलाग्ने दोहोराए।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले पारि बुटवलको जीर्ण रहेको बजारको पुनर्निर्माणको लागि बजेट व्यवस्थापन गरिदिन आग्रह गरे। उनले उजिरसिंहलाई विभूति घोषणा गर्न आग्रह गर्दै उनले रामापिथेकशको ऐतिहासिकतालाई जोगाउन आग्रह गरे।

बुटवल उप-महानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले उपमहानगरको तर्फबाट माग गरिएका कार्यक्रमहरुमा सहयोग गर्न आग्रह गरिन।

यस्तै नेपाली कांग्रेस जिल्ला कार्यसमिति, रुपन्देहीले मंगलबार भैरहवामा आयोजना गरेको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै उप-प्रधानमन्त्री सिंहले कांग्रेसको नेतृत्वमा मुलुकमा राजनीतिक परिवर्तन भएको दाबी गरे।

राजनीतिक परिवर्तनबाट आएका अधिकार सुरक्षित र संस्थागत गर्नुपर्ने बताएका छन्। उनले संघर्ष गरेर ल्याइएको यो व्यवस्था टिकाउन गम्भीर भएर लाग्नुपर्नेमा जोड दिए।

उनले मुलुकलाई आर्थिक क्रान्तिको मार्गमा अगाडि बढाउन कांग्रेसको काँधमा जिम्मेवारी आएको बताए। 'मुलुकमा व्यवस्था परिवर्तन गर्न सक्ने पार्टी कांग्रेस हो,' उनले भने-'यो व्यवस्थालाई लयमा ल्याउन कांग्रेसले नै सक्छ। कांग्रेसकै नेतृत्वमा २०७२ सालमा संविधान सभाबाट संविधान जारी भयो।'

कांग्रेसका पूर्वमहामन्त्री समेत रहेका नेता सिंहले अबको दिनमा पार्टीलाई व्यवस्थित गर्नका लागि विधानमा केही अव्यहारिक कुराहरु भए विधि र प्रक्रिया पूरा गरेर विधान संशोधन गरिए राम्रो हुने धारणा राखे। उनले भने-'पार्टीको इतिहास, नेताहरुले गर्नुभएको संघर्षको बारेमा र यो पार्टी अरु पार्टी भन्दा बेग्लै छ भनेर चिनाउनुपर्यो, सम्झाउन सक्नुपर्यो।'

कांग्रेसले के दियो भन्नु भन्दा पनि पार्टीले प्रश्न गर्ने अधिकार दिलाएको उनको भनाइ छ। आफूले बुझेका कुरा दुनियाँले बुझेको छ भन्ने नठान्न उनले नेता-कार्यकर्ताहरुलाई आग्रह गरे। 'पार्टीलाई व्यवस्थित गर्ने कांग्रेसीले हो, अरुले गर्ने होइन। बोलेर मात्र हुँदैन। संगठन निर्माणमा ध्यान दिनुस्।'

उनले अहिलेको चुनौतीलाई सामना गर्न पार्टीलाई अलिकति व्यवस्थित गर्न सके जनताले देखेको सपना पूरा गर्न सक्ने क्षमता काँग्रेसमा भएको दाबी गरे। 'म ग्रासरुटबाट आएको नेता हुँ।'-उनले भने।

कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँणले २०४६ सालपछि नेपालमा सुधार आएको र त्यो सुधारलाई आत्मसात गर्नुपर्नेमा जोड दिए। उनले मुलुकको आवश्यकताले कांग्रेस-एमाले मिलेर सरकार बनाएको दाबी गरे।

कांग्रेस रुपन्देहीका सह-सचिव बासुदेव रिमालको सञ्चालनमा कार्यक्रम भएको कार्यक्रममा पार्टीको केन्द्रीय सदस्य डा. डिला संग्रौलालगायतले बोलेका थिए।



दैनिक लुम्बिनी

# सम्पादकीय

## प्रदेशसभालाई गतिशिल बनाऊ

प्रदेशसभा कानुन बनाउने थलो हो । प्रदेशसभाको काम प्रभावकारी बनाउन सरकारले प्रदेशसभालाई काम दिनुपर्छ । प्रदेश सरकारलाई चाहिने कानुनका लागि विधेयक मस्यौदा गरी उपलब्ध नहुँदा प्रदेशसभाको काम निष्प्रभावी भएको छ । प्रदेशसभाको दोस्रो कार्यकालको दुई वर्ष बितेको छ । यो अवधिमा बसेको प्रदेशसभाको बैठकमा सरकारले आवश्यक काम दिन नसकेको विषय चर्को ढंगले उठिरहेको छ । कानुनको मस्यौदा उपलब्ध गराउन सक्दा नै प्रदेशसभालाई गतिशिल बनाउन सकिन्छ भन्ने बारेमा सरकारको चासो नजानु संघीय शासन प्रणालीको मर्मलाई नबुझ्नु हो ।

प्रदेश सरकार आफू हिंड्ने बाटो आफैं निर्माण गर्दै अघि बढेको हो । २०७४ सालमा प्रदेश सरकार गठन हुँदा कुनै कानुन बनेका थिएनन् । संघीय सरकारले बनाइदिनुपर्ने कतिपय कानुन नबनाइदिँदा प्रदेश सरकारले शून्यबाट काम थालेको थियो । शून्यबाट काम थालेको प्रदेश सरकारले पहिलो कार्यकालमा ७२ वटा कानुन बनाएको थियो ।

कानुन निर्माणका दृष्टिले हेर्दा पहिलो कार्यकाललाई सन्तोषजनक मान्नुपर्छ । प्रदेशसभाले कानुन बनाउने कामका लागि सरकारले 'विजनेश' दिनुपर्छ । सरकारले बनाउनुपर्ने कानुनको लागि विधेयक तयार गरी प्रदेशसभामा टेबुल गर्नुपर्छ । पहिले सरकारले आवश्यक कानुनको सूची तयार गर्ने, ती आवश्यक कानुनको मस्यौदा विधेयक तयार गर्ने, त्यसपछि मन्त्रिपरिषद्बाट विधेयक प्रदेशसभामा पेश गर्ने निर्णय गर्छ । प्रदेशसभामा विधेयक दर्ता भएपछि विषयगत समितिमा छलफल हुन्छ । विषयगत समितिबाट विधेयक टुंगो लागेपछि प्रदेशसभामा छलफलका लागि पेश हुन्छ ।

त्यसपछि सभामुखले निर्णयार्थ पेश गर्दछन् । प्रदेशसभाले पारित गरेको विधेयक प्रदेश प्रमुखले प्रमाणित गर्छन् । प्रमाणित कानुन राजपत्रमा सूचना निस्केपछि कार्यान्वयनमा जान्छ । कानुन निर्माणको यो प्रक्रियामा प्रदेशसभा र सरोकारवाला निकाय व्यस्त हुनुपर्ने हो किनभने प्रदेश सरकारलाई गतिशिल बनाउन विभिन्न कानुन बनाउनुपर्ने छ । प्रदेशसभाले कानुन बनाउन नसक्नु उसको मात्रै कमजोरी होइन्, मूलतः प्रदेश सरकारको कमजोरी हो ।

कमजोरीबाट पाठ सिक्दै सरकारले बिजनेश दिन आवश्यक विधेयकको मस्यौदा गर्न सक्नुपर्छ । प्रदेशसभाको पाँचौं अधिवेशन यही पुष १६ गते आह्वान भएको छ ।

यो हिउँदे अधिवेशनलाई मूलतः कानुन निर्माणको अधिवेशन मानिने भएकाले सरकारको ध्यान विधेयक मस्यौदामा केन्द्रित हुनुपर्छ । प्रदेश संरचनाप्रति नागरिकको विश्वास बढाउन पनि प्रदेशसभाको कामको गति बढ्नुपर्छ ।

# राजनीतिमा पिल्सिएको ऊर्जा संकट



अच्युतप्रसाद पौडेल

उद्यमी, व्यवसायी भएर रातो दिन खटिरहेकालाई पनि दलकै सदस्यता दिएर राजनैतिक पद दिने गरेको देखिन्छ, राजदूत बनाउने काम त दलकै कोटाबाट भएकै हो, अदालत पनि कोटामै होइन र । विदेशी बैंकमा पैसा दलहरूकै छ भनी सार्वजनिक मिडियामा आएको विषय हो । हामीकहाँ समाजवादको खेती गरिन्छ, तर त्यो खेतीबाट उब्जनी हुने भनेको सुकेनास र सिटामोल नपाउने जनता हुन् अनि जग्गा बेचेर खाडीमा भाँडा माझ्न भेडा पाल्न जाने हुन्, तिनले पठाएका विप्रेषणको रकमले यहाँको अर्थतन्त्रको जोहो हुने हो, कति त फर्कन सक्दैनन्, फर्किहाले पनि बाकसमा एकै पटक घाटमा फर्कने हुन् ।

लोकतन्त्रले देशमा ऊर्जा संकट हट्यो भन्यो, तर कुरो झुठ रहेछ । संसारमै बढी पानी भएको देश हो हाम्रो, संसारकै महँगो, भुटानभन्दा महँगो दरको बिजुली नेपाली उपभोक्ताहरूले जबर्जस्त उपभोग गरिरहेका छन् । केही महिना अघि मात्रै सरकारको एक सय दिनको हनिमुन पिरियडमै बंगलादेशलाई बिजुली निर्यात गर्ने सम्झौता भएको र केही मेगावाट त्यता बिजुली बेचेको पनि प्रगति देखाइयो । लोकतन्त्रले आफूले बोलेका कुरा सबैजसो उधारोमा परेका छन्, ऋण भने उधारोमा छैन, भकाभक उठाउने भकाभक खर्च गर्ने बस् लोकतन्त्रको ठूलो उपलब्धि अनि सकेसम्म मान्छे निर्यात गर्ने । ती निर्यात भएका मान्छेहरू खास गरी नेपाली श्रमिकहरू वैदेशिक रोजगारीमै औसतमा वार्षिक १ हजारको उतै राम नाम सत्य भएको छ, यसलाई भनौं कि लोकतन्त्रको उपहार ।

यहाँको मौसम चिसो छ, त्यो परिवेश विदेशमा अनुकूल छैन, ५५,६० डिग्री सेल्ससेससम्मको तापक्रममा श्रम गर्नु पर्ने, नजिक शौचालयको अभावले भनेको बेला लघुशंका निवारण गर्न नसक्ने, पानी पनि पर्याप्त पिउन नपाउने, भन्नासाथ अस्पतालको अभाव, धेरै समस्याहरू छन्, विदेशमा नेपाली श्रमिकलाई । आधाआधी केसहरू हृदयाघात भन्दै, प्राकृतिक मरण भन्दै शव आउने र हाम्रो कूटनीति धेरै उदार, सहजै लास बुझिदिने, पोस्टमार्टम रिपोर्ट सबैको आउने नगरेको बन्दी बाकस आफन्तलाई बुझाएर संस्कार गर्ने गरिएको धेरै उदाहरण छन् । हाम्रो लोकतन्त्रले विश्वसँग आयात निर्यात खुल्ला गरेको छ । युएन पक्ष राष्ट्र पनि हो यो, तर जति निर्यात हुन्छ, आयात त कता कता धेरै छ । हो मानिस निर्यात गर्न र त्यसबाट रेमिट्यान्स कमाउन र त्यसलाई उपभोगको खर्चमा उठाउन हाम्रो लोकतन्त्र पर्याप्त सफल छ । चित्त बुझाए पनि नबुझाए पनि कटु सत्य यही हो ।

भारतलाई १० हजार मेगावाट बिजुली निर्यात गर्ने फोस्रो सम्झौता गरेको हाम्रो देशले सवा सय जति वर्षमा जम्मा २ हजार ९ सय मेगावाट बिजुली उत्पादन गरेको छ । अपुग बिजुली उतैबाट आयात गरिने हो । त्यो पनि पिक आवरमा उसले दिँदैन, भनौं बेलुकी ५ देखि ९ बजेसम्म । वर्षामा झैं यहाँ खोलामा बाढी आउँदैन, जलविद्युत् योजनाहरूबाट हिउँदमा एक तृतीयांश क्षमता मात्रै उत्पादन हुन्छ । साँच्चै भन्ने हो भने अहिले हिउँदमा बिजुली उत्पादन हुने भनेको १५ सय मेगावाट औसत हो । दैनिक माग त्यो भन्दा धेरै छ र अब उद्योगहरूमा लोडसेडिङ सुरु भइसकेको छ । यसै पनि हामीसँग बिजुली प्रयोग हुने खालका उद्योग कलकारखाना नै छैनन् । डेडिकेटेड फिडर भन्नेहरूले पैसा तिरेका छैनन् ।

लोकतन्त्रले बिजुली निर्यात गरेको नाक फुलाउँदै गर्दा आ व ०८०।०८१ मा ९ सय मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राख्यो । ऊर्जा मन्त्रालयले ०७५ वैशाखमा जारी गरेको श्वेतपत्रमा आगामी १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखेको थियो । ऊर्जा मिश्रणको सिमा तोक्दै उसले नदी प्रवाही आयोजना ३० देखि ३५ प्रतिशत, अर्द्ध जलाशययुक्त २५ देखि ३० प्रतिशत, जलाशययुक्त ३० देखि ३५ प्रतिशत र वैकल्पिक ऊर्जा ५ देखि १० प्रतिशत उत्पादन गर्ने गरी निर्णय गरेको थियो । सपना सरहका यी उद्देश्य आइरहँदा त्यो समय पुग्न अब ४ वर्ष मात्र बाँकी छ । अहिले बिद्युत् कटौती सुरु भइसकेको छ र अपर तामाकोशीबाट उत्पादन हुने समय यो पुस १० गतेलाई राखिएको छ ।

अचम्म त के भने अस्ति तिहारसम्म बिजुली देशमा धेरै भयो, खपत भएन, खेर गइरहेको छ, अधिक प्रयोग गर्नु पर्यो भन्दै घरेलु उपभोक्तालाई भन्ने विद्युत् प्राधिकरणले अब उद्योग कल कारखाना बाहेकका घरेलु उपभोक्तालाई पनि लोडसेडिङ गर्दै अँध्यारोमा राख्न सक्छ । उज्यालो नेपाल भन्दै लोडसेडिङ मुक्त बनाउने भनिएका कुलमानलाई अब कसरी सम्बोधन गर्नुपर्ला, अझ यसो भनौं उनी बालुवाटार, सिंहदरबारको कोपभाजनमा परेकै थिए र छन्, पटक पटक लाइन काट्दा अब लाइन नकाट्ने गरी माथिबाट आदेश झरिसकेको छ । गरिबको घरमा लाइन तुरुन्तै काट्ने लोकतन्त्रले धनीको व्यवसायमा लाइन काट्न सक्दैन, किनकि उसले रोजगारी दिएको छ रे । यहाँ रोजगारी नपाएर विदेशमा लास बनिरहेको सन्दर्भमा यहाँका उद्यमीहरूले आम नेपालीलाई रोजगार बनाएका छन्, कसरी पत्याउनु, विचराहरू आफैं राजनैतिक रोजगारी खोज्दै दलको झण्डामा ओत लागिरहेका देखिन्छन् ।

हाम्रो लोकतन्त्रले इतिहासको सुरक्षा गरेको छैन । वि. सं १९६८ साल जेठ ९ गतेदेखि औपचारिक सञ्चालनमा आएको नेपालको पहिलो जलविद्युत् योजनालाई ऊर्जा उत्पादनको हब बनाउन सकेको छैन, बरू अर्ब खर्च गरी संग्रहालयको कुरो छ । त्यतिबेला नै ४ वर्ष लगाएर बनाइएको काठमाडौंको फर्पिंग जलविद्युत योजनाबाट ५ सय किलोवाटको बिजुली निकालिएको र चन्द्रशमशेर प्रधानमन्त्री हुँदा राजा पृथ्वी वीर विक्रमले टुँडिखेलमा बत्ती बालेर उद्घाटन गरेका थिए । त्यतिबेला राजखान्दानी र राणा परिवारमा सीमित गरिएको फर्पिङ्ग पावर हाउसको लागत ७ लाख १३ हजारको रहेको, यसले ३२४ रोपनी जग्गा चर्चेको भनिएको छ ।

वि सं २०३८ सालसम्म उत्पादन दिइरहेको ऐतिहासिक सो पावर हाउस देशको पहिलो र एसियाको दोस्रो हो । अब त्यसको नाम लियो भने लोकतन्त्रको टाउको दुख्छ । सरसर्ती हेदा हाल निजी, सरकारी र भारतीय कम्पनीसमेत गरी ४ हजार ४५२ मेगावाट क्षमताको आयोजना हाल निर्माणाधीन देखिएकाले खपत बृद्धि नभए विद्युत् खेर जाने नै देखिने हो । स्वदेशमा उद्योगधन्दाहरू नभई विजुलीको खपत हुन नसकेको र देशले आर्थिक मन्दी खेप्दै गर्दा भविष्यको रणनीति तय नगर्ने हो र विभिन्न बहाना बनाई उत्पादन वृद्धि नगर्ने हो भने भने साँच्चै आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्य अधुरै हुन्छ पनि । उत्पादन सहज पनि छैन, निजि क्षेत्र भन्छ, एउटा संस्थासँग सम्झौता गरेर पुग्दैन, जल विद्युत् परियोजनाको फाइल ७ वटा मन्त्रालय, २३ वटा विभाग र सयौं टेबुलमा पुग्ने गरेको छ, प्रक्रिया नै लम्बे चौडे छ धेरै नै । कतिपय आयोजनालाई जग्गा प्राप्तिको समस्या मात्र होइन पीपीए भइसकेकालाई वित्तीय व्यवस्थापन गर्न समेत समस्या छ । ऊर्जा मन्त्रीको दाबी छ सरकारले विद्युत् उत्पादनका समस्या सबै समाधान गर्छ ।

विकल्प नभएकाले प्राधिकरणले आयल निगमले जस्तै आफ्ना ग्राहकलाई घाँटी थिचेरै रकम असुल्छ । घरको दैनिकी निकट मात्र होइन बिजुली, अब त श्वासप्रश्वास जस्तै भएको छ, यो विना निस्प्राण हुने अवस्था छ । नाफा पनि खुब गर्छ यो, सेवा शुल्क अर्को रकम लियो, त्यो लिन नपाउने भनेपछि न्यूनतम शुल्क छुट्टै लिने गरेको पहिलोपल्ट कुलमानजी आएदेखि नै हो र यिनैले चाँडो महसुल भूक्तानी गर्दा पाउने रिवेट साविकमा पाएको ३ प्रतिशतलाई घटाएर २ प्रतिशतमा झारे । सरकारी एकाधिकार प्राप्त प्राधिकरणले बिजुली महँगोमा बेचेको छ, थुप्रै नाफा गरेको छ र पर्याप्त आपूर्ति भने गर्न सकेको छैन, बिचबिचमा आपूर्ति बन्द हुँदा औजार, उपकरणहरू धेरै बिग्रेका छन्, उपभोक्ता हित संरक्षण कानुन न आयल निगमलाई लाग्छ न विद्युत् प्राधिकरण, यी दुबै सरकार हुन्, लोकतन्त्रको आधार पिलर पनि, किनकि लोकतन्त्र धेरै महँगो छ, खर्च धान्न नै हम्मे हम्मे परेको छ ।

आ व ०७९।८० मा मात्रै १२ अर्ब ३३ करोड नाफा गरेको थियो उसले, आफ्नो कर्मचारी खर्च कटाएर पनि । विगत २ वर्षमा यसले आफ्नो स्रोतबाट ४८ अर्ब रकम प्रसारण वितरण लाइनमा खर्च गरेको भनेको छ भने सरकारी कोषमा सावाँ ब्याज र रोयल्टी गरी ३० अर्ब जम्मा पनि गरेको छ रे । गत आवमा मात्रै यसले आन्तरिक उपभोक्ताको खपतबाट ८९ अर्ब ७७ करोडको आय आर्जन, र त्यसमा बाह्य बिक्रीसमेत जोड्दा १ खर्बको आय गरेको प्रगति पनि देखायो । भारतलाई मात्रै बेचेको बिजुलीको मोल १० अर्ब ५९ करोड भन्दै प्रफुल्लित हुँदै अब त प्राधिकरण ऐन २०४१ मुताविक उसले सर्वसाधारणका लागि शेयर पनि जारी गर्ने भनिदियो । यसरी फुर्क्याउने प्राधिकरण किन निचोरिँदैछ र लोडसेडिङ भन्दैछ ।

लामो समयदेखि नाम फरक भए पनि यहींका उस्तै दाजुभाइहरूले सरकार चलाएका छन् । ४६को परिवर्तनपछि अधिकांश समय लोकतन्त्रवादी नेपाली कांग्रेसले देशमा सरकार चलाएको हो । सबैजसो सरकारमा आफूलाई वापपन्थी भन्ने कम्युनिष्टहरूले सत्ताको साझेदारी गरी नै रहे । यस अघि पनि पटक पटक कम्युनिष्ट आफूले पनि सरकारको नेतृत्व गरेको हो, अहिले पनि गरेकै छ, तर सन्तोष कतै छैन । दुई तिहाईको कम्युनिष्ट सरकार पनि हेरियो । लोकतन्त्रको छुट्टै नमुना परमादेशमा पनि सरकार बन्यो । कम्युनिष्ट भन्नु यथास्थितिबाट माथि उठेर अग्रगमन भनौं प्रगतिवादी भनी विद्यालयदेखि नै हामीले पढ्दै आएका हौं, र माओको शिक्षा थियो कि जनताको एक टुक्रा धागो पनि नलिनू, एउटा सियोको टुप्पो बराबरको अंशमा पनि आँखा नगाड्नू बाल्यकालदेखि विश्वविद्यालयका ठेलीहरूमा हामीले पढेको यही थियो, तर अहिले त्यही विश्वविद्यालय नजिक नजिक मीनभवन मुख्यालय बन्न हाम्रो अदालतले सदर भनेको छ ।

दाता छोडेर हाम्रो लोकतन्त्रले अदातालाई राम्रो सुख सुविधा दिन्छ भनी अब पत्याउन नसकिने भएको छ, किनकि दैनिकी बजार यति असहज छ, करको मार यति ठूलो छ, धान्न नसकेरै मान्छे विदेसिएका हुन् र गाउँघर लगभग रित्तो छ, मलामी वा जन्ती पाइन छाडे, उब्जनी त कता हो कता । दलहरूको राजसी शैली देखेर जनता भने वाक्क दिक्क भएका छन् । चीनका महमहिमले केही बेर काठमाडौंको भ्रमण गरेर सुशासन र पारदर्शिताका विषयमा के भनेर गएका थिए बिर्सियो, पटक पटक उतै गएर पनि ढोग भेट भयो बुद्धिमा बिर्को खुलेको छैन । ओबामाले छोरी पढाउन जागिर खाने, डेनमार्ककी प्रम कार्यालय जाँदा साइकल चढ्ने, हेरौं त लाज पचाएका यहाँका नेताहरूको राजसी शैली, सुरक्षा खर्च कत्रो, पद छोडेपछि सरकारी आबास र सुबिधा अनि सवारी साधन, विदेशबाट ल्याएको तेल अनि काम भने दलकै गर्ने । यहाँ दलका मानिसहरूले नै घर, जग्गाको क्रयबिक्रय गराएका छन् बढी मुल्य गराएर, जग्गा प्लटिंगमा दलकै मान्छे छन्, केन्द्रदेखि स्थानीय तहसम्मको ठेक्का पट्टामा दलकै मान्छे छन् ।

निजी विद्यालय, कलेजदेखि विश्वविद्यालय सम्म दलकै छन्, मरेका नेताका नाममा शिक्षा, स्वास्थ्य, एनजिओ आदिमा सरकारी बजेट जाने गरेको छ, सार्वजनिक जग्गा वितरणमा दल निकट हुने गरेको छ । शैक्षिक संस्था, स्वास्थ्यक्षेत्र, होटल, डिपार्टमेण्टल स्टोर, जलविद्युत् आदिमा नेताहरूकै शेयर, लगानी भएको छ, सहकारीका मान्छे दलकै परेका छन् भागाभागमा छन्, नक्कली पाचपाचुकेमा पनि, देश त सोत्तर भएन र भन्या । चिल्ला र महँगा गाडी अनि महँगो राजधानी शहरमा अग्ला घर, महलहरू पनि । उद्यमी, व्यवसायी भएर रातो दिन खटिरहेकालाई पनि दलकै सदस्यता दिएर राजनैतिक पद दिने गरेको देखिन्छ, राजदूत बनाउने काम त दलकै कोटाबाट भएकै हो, अदालत पनि कोटामै होइन र । विदेशी बैंकमा पैसा दलहरूकै छ भनी सार्वजनिक मिडियामा आएको विषय हो । हामीकहाँ समाजवादको खेती गरिन्छ तर त्यो खेतीबाट उब्जनी हुने भनेको सुकेनास र सिटामोल नपाउने जनता हुन् अनि जग्गा बेचेर खाडीमा भाँडा माझ्न भेडा पाल्न जाने हुन्, तिनले पठाएका विप्रेषणको रकमले यहाँको अर्थतन्त्रको जोहो हुने हो, कति त फर्कनै सक्दैनन्, फर्किहाले पनि बाकसमा एकै पटक घाटमा फर्कने हुन् । जनयुद्ध के का लागि थियो जबकि यो देशले अहिलेसम्म स्वतन्त्रता दिवस मनाउनु नै परेको छैन, एकता दिवस कुनै बेला मनाइन्थ्यो अहिले त्यो इतिहास बनेको छ ।

समाचार पत्रबाट

# 'शैक्षिक युवा जनशक्ति विदेश पलायन : कारण र समाधान'मा वक्तृत्वकला



बुटवल । मणिमुकुन्द कलेज बुटवलमा शैक्षिक युवा जनशक्तिको विदेश पलायनः कारण र समाधान विषयमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

कलेजका विद्यार्थीहरुको संस्था एमएससीसीले बिहानी सत्रमा गरेको प्रतियोगितामा सिर्जन ढकाल प्रथम, प्रभाव आचार्य दोस्रो र आयुश खड्का तेस्रो भएका छन् ।

यस्तै मासले दिवा सत्रमा आयोजना गरेको प्रतियोगितामा श्रृष्टी कंडेल प्रथम, अनुज खरेल दोस्रो र परिना खत्री तेस्रो भएका छन् ।

प्रतियोगितामा क्याम्पसका प्राचार्य टुकबहादुर क्षेत्री, सहप्राचार्य दिवाकर खनाल, बिहानी संयोजक पशुपति चौधरी, दिवा संयोजक लक्ष्मण गैरे, बीबीएस संयोजक दिनेश पाण्डेलगायतले बोल्दै शैक्षिक युवा जनशक्तिको विदेश पलायन रोक्न राज्यको स्पष्ट नीति अभाव मूख्य समस्या रहेको औंल्याएका थिए ।

सरकारले स्वदेशमै अन्तर्राष्ट्रियस्तरको उच्च शिक्षा, आकर्षक तलब सहितको रोजगारीका अवसर र लगानीमैत्री वातावरण बनाउन नसक्दा युवा जनशक्तिको विदेश पलायन भइरहेको र यो देशका लागि डरलाग्दो चिन्ताको विषय भएको उनीहरुको भनाइ थियो ।

कार्यक्रममा विद्यार्थीहरु प्राप्ती सापकोटा, तिर्थ बहादुर खत्री, गरिमा काफ्ले, मासका प्रेसिडेन्ट प्राञ्जल भारद्वाज, विद्यार्थीहरु आशिका आचार्य र रीमा खत्री लगायतले आ-आफ्नो भूमिका निर्वाह गरेका थिए ।

यस्तै निर्णायकहरुमा मानध्वज गिरी, टेकराज रेग्मी, पदमा अर्याल, रामप्रसाद शर्मा, टेकबहादुर कुँवर र प्रेम केसी रहेका थिए ।

# वालिङ क्षयरोग मुक्त अभियानमा

श्रीकृष्ण सिग्देल
*स्याङ्जा*

नेपाल सरकारको क्षयरोग मुक्त मुलुक घोषणा गर्ने अभियानलाई साकार पार्न वालिङ नगरपालिकाले विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । क्षयरोग रोग मुक्त नगर घोषण गर्ने अभियानअन्तर्गत वालिङ नगरपालिका स्वास्थ्य शाखाले अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको हो ।

स्याङ्जाका वालिङसँगै भीरकोट, गल्याङ र पुतलीबजार नगरपालिका पनि क्षयरोग मुक्त नगर बनाउने अभियानमा छन् । पहिलो चरणको अभिमुखीकरण कार्यक्रम देशभरका १५० स्थानीयतहमा लागू गरिएको वालिङ नगर स्वास्थ्य शाखा प्रमुख कमल पाण्डेले जानकारी दिए ।

वालिङलाई जति छिटो क्षयरोग मुक्त नगर घोषण गर्ने तयारीलाई तिब्र बनाइएको छ । जसका लागि पहिलो पटक एआई मार्फत छातीको एक्सरे गर्ने काम पनि सम्पन्न गरेको स्वास्थ्य शाखा प्रमुख पाण्डेले बताए । एआइबाट छातीको एक्सरे गर्ने शिविरमा ५ जनामा क्षयरोग पत्ता लागेको छ ।

अहिले वालिङ नगर स्वास्थ्य शाखाले वार्षिक ११८ जना क्षयरोगी पत्ता लगाउने लक्ष्य राखेको र चालु आर्थिक वर्षमा ३० जनामा क्षयरोग पहिचान भएको पाण्डेको भनाइ छ ।




सन् २०१८–१० को सर्वेक्षणअनुसार ५० प्रतिशत मानिसहरुमा क्षयरोग जिवाणु देखिएको थियो । जसमध्ये सक्रिय जीवाणु देखिएकोलाई स्वास्थ्यकर्मीको निगरानीमा औषधी खुवाएर निको बनाउन सकिने स्वास्थ्यकर्मीहरु बताउँछन् ।

वालिङमा आयोजित अभिमुखीकरणमा स्वास्थ्यकर्मी र पोषण सहजकर्ताले सहभागिता जनाएका छन् । अभिमुखीकरणमा सहजकर्ताको भूमिका गह्रौ प्रथामिक अस्पतालका डट्स फोकल पर्सन तथा सूचना अधिकारी उदयबहादुर पौडेल, प्रयोशाला प्रमुख इश्वर कोइरालालगायतले गरेका थिए ।

नेपाल सरकारले सन् २०५० सम्ममा नेपाललाई क्षयरोग मुक्त देश घोषणा गर्ने लक्ष्य अनुसार देशका ७ सय ५३ पालिकालाई क्षयरोग मुक्त पालिका घोषण अभियान सुरु गरेको छ ।

यही अभियान अनुसार वालिङ नगरपालिकाले विगत ३ वर्षदेखि क्षयरोग मुक्त पालिका बनाउने अभियानअनुसार काम गर्दै आएको छ । गतवर्ष ७९ जनामा क्षयरोग देखिएको र उनीहरुको औषधी सेवनबाट निको हुनेक्रम बढ्दो रहको नगरपालिकाले जनाएको छ ।

# मेलामा मंगलबार पनि दर्शकको उत्साहजनक सहभागिता



बुटवल । मेलामा मंगलबार पनि दर्शकको उत्साहजनक सहभागिता रहेको छ । यही पुसको ३ देखि सुरु भएको औद्योगिक व्यापार मेलामा मंगलबार भ्वाइस अफ बुटवल, खुल्ला लोक तथा दोहोरी गीत प्रतियोगिता, डान्स च्याम्स्लगायतका प्रतियोगितात्मक कार्यक्रम भएको प्रचारप्रसार उप-समितिका संयोजक दीपकप्रसाद चापागाईंले जानकारी गराए ।

मंगलबार मेलामा लोक तथा दोहोरी गायक दीपक खड्का, रितु कंडेल, बसन्त लम्साल, मञ्जु भट्टराई, समीक्षा बिसि, आधुनिक गायक अर्जुन कौषल, आभाष काफ्लेलगायतका कलाकारहरुको प्रस्तुति रहेको थियो ।

त्यस्तै बुधबार बहुचर्चित गायिका एलिना चौहान, लोक तथा दोहोरी गायक कृष्ण रेउले, नारायण बीपी परियार, धनबहादुर गुरुङ, सुशिला गौतम, शिला गुरुङ, तारा थापा, डान्सर दीपा थापाको प्रस्तुति रहने सांस्कृतिक कार्यक्रम संयोजक निर्मित कसजूले जानकारी दिए । त्यस्तै भ्याइस अफ बुटवल, खुला लोक तथा दोहोरी गीत प्रतियोगिता, डान्स च्याम्सलगायतका प्रतियोगिता हुनेछन् ।

# पाल्पा महोत्सव सुरु

कृष्ण पोखरेल
*पाल्पा*




जिल्लाको बनासकाली गाउँपालिकाको प्रवर्द्धन र कुटुम्ब मिडिया नेटवर्क प्रालिको आयोजनामा मंगलबार पुष ९ गतेदेखि १८ गतेसम्म पाल्पा महोत्सव सुरु भएको छ । महोत्सवको मन्त्रिपरिषद्का अध्यक्ष एव पूर्व प्रधानान्यायधीश खिलराज रेग्मी शुभारम्भ गरे । महोत्सव शुभारम्भ गर्दै मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले पाल्पा महोत्सवले स्थानीय लोपन्मुख कलासंस्कृति, कृषि उत्पादन, कृषि औजार, प्रचारप्रसार तथा प्रवर्द्धन गर्न ठूलो सहयोग मिल्ने बताए । महोत्सव शुभारम्भ कार्यक्रमा बगनासकाली गाउँपालिकाका उपाध्यक्ष हरिप्रसाद पाठक, लुम्बिनी मेडिकल कलेजका अध्यक्ष गोपालबहादुर पोखरेलले सञ्चारक्षेत्रमा लागेका युवाहरुको जोश जागरका साथ फरक प्रकृतीको अभियानमा लागेर युवाहरुलाई स्वदेशमा केही गर्न सकिन्छ भन्ने उदाहरण बनेको बताए ।

महोत्सवको शुभारम्भ संस्कृति र देशप्रति केन्द्रित गतिविधिमा केन्द्रित रहेको थियो । महोत्सवमा भाषणभन्दा स्थानीय कलासंस्कृति झ्याउरे, सोरठी, रत्यौली, बालन, भजन, कौडा, मारुनी, लाखे, पञ्चेबाजा, लोपोन्मुख कुमाल, बोटेलगायतको कलासंस्कृति जर्गेना गर्ने प्रचार प्रसार गर्ने मुख्य अभियान नै रहेको महोत्सव संयोजक नारायण न्यौपानेले बताए ।

महोत्सवमा १ सय ५० स्टल रहेका छन् भने १ लाख ५० हजार दर्शकले अवलोकन गर्ने र ३ करोड बराबरको कारोबार हुने अपेक्षा रहेको महोत्सवका सह-संयोजक यज्ञमूर्ति तिमिल्सेनाले जानकारी दिए ।

महोत्सवमा स्थानीय घरेलु तथा कुटिर उद्योगबाट उत्पादित दुना टपरी, पाल्पा कारागारमा उत्पादन भएका बाँसका सरसमानहरु, स्थानीय कृषि औजार, बगनासकाली गाउँपालिका नौ वटै फरक फरक प्रकृतीको कृषि उत्पादन प्रदर्शनीले महोत्सवलाई आकर्षण बनाएको छ ।

महोत्सवको शुभारम्भ बगनासकाली गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीको अध्यक्षता, महोत्सव मूल आयोजक समितिका सह-संयोजक यज्ञमूर्ति तिमिल्सेनाको स्वागत र महोत्सव मूल समितिका संयोजक नारायण न्यौपानेको सञ्चालनमा भएको थियो ।

महोत्सव शुभारम्भअघि विभिन्न समूहबाट बाजागाजा, झाँकीसहित गाउँपालिकादेखि चिलाङ्दी चोकसम्म र्‍याली निकालिएको थियो ।

# ४६ महिलालाई लोकसेवा तयारी कक्षा



स्याङ्जा । सामाजिक विकास कार्यालय स्याङ्जाले महिलालाई सरकारी सेवामा पहुँच बढाउने उद्देश्यले एक महिने निःशुल्क तयारी कक्षा सञ्चालन गरेको छ । गत मंसिर ११ गतेदेखि सञ्चालन गरेको निःशुल्क लोकसेवा तयारी कक्षामा ४६ जना महिलालाई तालिम दिएको हो ।

महिलाहरुलाई निजामती सेवामा सहभागी गराउन र उनीहरूको क्षमता विकास गर्ने उद्देश्यले सामाजिक विकास कार्यालय स्याङ्जाले उक्त कक्षा सञ्चालन गरेको थियो । निःशुल्क कक्षामा अप्राविधिकतर्फको राजपत्र अंकित द्वितीय, सहायक स्तर चौथो तहको पाठ्यक्रममा आधारित रहेर ६० वटा कक्षा सञ्चालन गरिएको सामाजिक विकास कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले जानकारी दिए ।

सामाजिक विकास कार्यालय स्याङ्जाले लोक सेवा कक्षासँगै अन्य रचनात्मक क्रियाकलापहरु पनि गर्दै आएको छ । जसले गर्दा समाजमा भइपरी आउने समस्या समाधानमा निकै महत्वपूर्ण मिलेको बताइएको छ ।

कार्यालयले सूचनाको आधारमा ४० जना महिला विद्यार्थीको कार्ययोजना भए पनि निवेदन दिएका सबैलाई कक्षामा सहभागी गराइएको प्रमुख पौडेलले बताए । जिल्लाका ११ ओटै पालिकाबाट सहभागी नभए पनि आगामी वर्षदेखि अनलाइन र फिजिकल दुवैतर्फबाट कक्षा सञ्चालन गरिने योजना रहेको कार्यालयले जनाएको छ । सहभागीहरुलाई लोकसेवासम्बन्धी किताबसँगै अन्य शैक्षिक सामग्री र झोला उपलब्ध गराएको थियो । जसले सहभागी विद्यार्थीहरुलाई थप मद्दत गर्ने विश्वास कार्यालयको छ ।

निःशुल्क लोकसेवा कक्षा सञ्चालन गरेर महिलालाई प्रथामिकतामा राखेकोमा स्याङ्जाकी प्रमुख जिल्ला अधिकारीले सामाजिक कार्यालयको प्रशंसा गरेकी छन् । विद्यार्थीहरुको निरन्तर मेहनतबाट सफलता मिल्नेमा यस्ता तालिमले अझै सहजता प्रदान गर्ने प्रजिअ नेपालले बताइन् । तालिममा सहभागी ४६ जना महिला विद्यार्थीलाई प्रमाणपत्र समेत वितरण गरिएको सहायक प्रशासकीय अधिकृत द्रोणप्रसाद पनेरुले जानकारी दिए ।

**सरकारसँग...**

वर्तमान सरकार विधिको शासनलाई पालना गर्दै स्टन्टबाजी गर्नेहरुलाई, भ्रष्टाचार गर्नेलाई कार्बाही गर्ने, जोकोही भए पनि कसैलाई छोड्न नहुने बताइन् ।

पूर्वसांसद समेत रहेकी नेतृ संग्रौलाले कांग्रेसको आगामी निर्वाचनमा पार्टीको नेतृत्व गर्नका लागि उत्तराधिकारी कसैको कोही नहुने बताउँदै भिजन र मिसन भएको व्यक्तीले पार्टीको नेतृत्व गर्ने बताइन् ।

संविधान संशोधनमा महिलाको अधिकार प्राप्तीका लागि प्रत्यक्षतर्फ ४० प्रतिशत उम्मेदवार बन्न पाउनेगरी र महिलाको अधिकारका लागि लडिरहने बताएकी संग्रौलाले कांग्रेसको पदाधिकारीमा पनि ३३ प्रतिशत महिलाले नेतृत्व गर्न पाउँनुपर्नेमा जोड दिइन् ।

**SHIVRAJ MUNICIPALITY**

**Office Of the Municipal Executive**

**Chandrauta, kapilvastu**

**Lumbini province, Nepal**

## Invitation For Electronic Bids

**First Date of Publication: 2024-12-25**

Shivraj Municipality Office, Chandrauta Kapilvastu invites only electronic bids from eligible bidders for the procurement of contract mentioned in table below.

| Contract Identification No. | Work sites and Works Description | Estimated Amount with VAT and Contingency (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|
| SM/W7/081/082/29 | Balanagar durga mandir purwadhar nirman ra balanagar kalimai mandir purwadhar nirman shivraj-07 | 1175994.35 | 1000 | 50000 validity period:75 days issued by A class Bank only | 45 Days |

1. Date of purchasing, submission and opening of bids:

| Last Date of Purchase and Submission of Bids | Date of Pre-Bid Meeting | Date of Opening Of Bids | Employers Bank Account for the Purchasing of Bid Documents | Employers Bank Account to Deposit Bid Security |
|---|---|---|---|---|
| 2025-01-10 Time: 12:00 Noon Shivraj Municipality | - | 2025-01-10 13:00 Shivraj Municipality | Nepal Bank, Chandrauta Branch, Kapilvastu 22803000001001000001 Aantarik Rajaswo khata | Nepal Bank, Chandrauta Branch, Kapilvastu 22803000003000000001 Dharauti khata |

2. Eligible Bidders may obtain further information at Shivraj Municipality office, Kapilvastu, phone No; 076-540118, 076-540147, 9857014755 and email address: shivrajmunicipality@gmail.com OR may visit PPMO's web site http://www.bolpatra.gov.np/egp.

**Chief administrative Officer**

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला परात्मी गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १४, बस्ने श्री नाम थाहा नभएकाको नातीनी श्री लाल बहादुर पेमीको छोरी श्री चन्द्र बहादुर रेश्मी थापाको पत्नी बर्ष ७३ की श्रीमती मन कुमारी भन्ने मन कुमारी रेश्मी थापा (नागरिकता नं. ४०६५ जि.प्र.का गुल्मी मिति २०४९/०८/०५ मा जारी) को मिति २०७९/०५/१२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२०५५ मा भएको रकम भुक्तानी पाउँ भनी निजको छोरी श्रीमती पार्वती दर्लामीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती मन कुमारी भन्ने मन कुमारी रेश्मी थापा (नागरिकता नं. ४०६५ जि.प्र.का गुल्मी मिति २०४९/०८/०५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला दिगाम गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. ०४, बस्ने श्री नाम थाहा नभएकाको नातीनी श्री कमलापति भन्डारीको छोरी श्री जेदुलाल पोखरेलको पत्नी बर्ष ९० की श्रीमती बुमला जैसी भन्ने भुमकला पोखरेल (नागरिकता नं. ८१०८ जि.प्र.का गुल्मी मिति २०४४/१२/०९ मा जारी) को मिति २०८०/१०/१३ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४१७९ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री एकराज पोखेलले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती बुमला जैसी भन्ने भुमकला पोखरेल (नागरिकता नं. ८१०८ जि.प्र.का गुल्मी मिति २०४४/१२/०९ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला दुविचौर गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १२, बस्ने श्री पुनाराम थापाको नाति श्री भिमसेन थापाको छोरा श्रीमती मनिकला थापाको पति बर्ष ९० को श्री जित बहादुर थापा (नागरिकता नं. ११२५७ जि.प्र.का गुल्मी मिति २०४५/०१/१८ मा जारी) को मिति २०८१/०८/०२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२९३६ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री भुपाल सिं थापाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री जित बहादुर थापा (नागरिकता नं. ११२५७ जि.प्र.का गुल्मी मिति २०४५/०१/१८ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

**निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गुल्मी जिल्ला परात्मी गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रेसुर्गि न.पा. वडा नं. १४, बस्ने श्री नाम थाहा नभएकाको नाति श्री नन्दराम रजालीको छोरा श्रीमती पुर्णकला रजालीको पति बर्ष ६९ को श्री धन बहादुर थापा भन्ने धन बहादुर रजाली (नागरिकता नं. ४४४६ जि.प्र.का गुल्मी मिति २०४४/११/२६ मा जारी) को मिति २०७९/०६/०७ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३५३६ मा भएको रकम भुक्तानी पाउँ भनी निजको छोरा श्री मेख बहादुर रजालीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री धन बहादुर थापा भन्ने धन बहादुर रजाली (नागरिकता नं. ४४४६ जि.प्र.का गुल्मी मिति २०४४/११/२६ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# एभरेष्ट कप सुरु




बुटवल । दशौं जिल्लास्तरीय अन्तर मावि एभरेष्ट कप छात्रा भलिबल प्रतियोगिता एवं खेलकुद दिवस २०८१ सुरु भएको छ । एभरेष्ट इङ्ग्लिस बोर्डिङ माविको आयोजनामा मंगलबारदेखि सुरु भएको प्रतियोगितामा कुँवरवर्ती इङ्ग्लिस बोर्डिङ स्कुलले विजयी सुरुवात गरेको छ। उद्घाटन खेलमा कुँवरवर्ती इङ्ग्लिस बोर्डिङ स्कुलले जनज्योति माविलाई २-० को सोझो सेटमा पराजित गरेको हो ।

प्रतियोगिताको बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले उद्घाटन गर्दै नगरका निजी विद्यालयहरु खेलकुद गतिविधिमा अग्रसर रहेर खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान दिएको बताए ।

देशभरिकै पालिकामध्ये बुटवलले खेलकुदमा राम्रो बजेटको व्यवस्थापन गरेको उनले दाबी गरे । विद्यालयस्तरमा हुने लगानी खेलाडी उत्पादनमा प्रभावकारी हुने भन्दै यसमा स्थानीय सरकार लागेको उनले जनाए । बुटवलको भुगोल, सांस्कृति, जातीय विशेषता देखिने गरी अभ्यास अघि सारेको उनले बताए ।

कार्यक्रममा विद्यालयका प्राचार्य कृष्ण न्यौपानेले विद्यालयमा बालबालिकाहरुमा लुकेर रहेका प्रतिभा प्रस्फुटन हुने गरी शैक्षिकसँगै अन्य धेरै गतिविधिहरुमा अग्रसर हुँदै आएको बताए । खेलबाट नै देशको नाम कमाउने सक्ने गरी विद्यालय लागेको उनले बताए । छात्रा भलिबल खेल र खेलाडी उत्पादनमा विद्यालयबाट विगत लामो समयदेखि लगानी गरेको उनले बताए ।

विद्यालयको लगानीको प्रतिफल देशलाई नै भएको उनले दाबी गरे । 'दशौं संस्करणमा आइपुग्दा धेरै राष्ट्रियस्तरमा खेलाडीहरु उत्पादन गर्न सफल भएको छ ।'- उनले भने ।

प्रतियोगिताको उपाधि विजेताले नगद ३० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने संयोजक अर्जुन घिमिरेले बताए । उपविजेता टिमलाई नगद २० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्र तथा तृतीय टिमलाई नगद १० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने उनले बताए ।

प्रतियोगितामा रुपन्देहीका १६ टिमले प्रतिस्पर्धा गर्दैछन् । अघिल्लो संस्करणमा आयोजक एभरेष्ट उपाधि विजेता रहेको थियो । पहिलो दिन ६ वटा खेलहरु हुने उनले बताए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गमप्रसाद रेश्मीले एक विद्यालय एक खेलकुदको अवधारणालाई अघि बढाउन सके खेलाडी उत्पादन प्रभावकारी हुने बताए ।

कार्यक्रममा बुटवल वडा नं. ८ का वडाअध्यक्ष यज्ञप्रसाद पंगेनी, अभिभावक संघ केन्द्रिय सदस्य लोकनाथ ज्ञवाली, नगर खेलकुद विकास समितिका संयोजक बोनिन पिया, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, रुपन्देही भलिबल संघका अध्यक्ष सुरेन्द्रकुमार शाक्य, रुपन्देही जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख चन्द्रकान्त आचार्य, नेपाल खेलकुद पत्रकार मञ्च रुपन्देहीका अध्यक्ष सुमन अधिकारी, लाफा समूहका अध्यक्ष बबिन थापा, मणिमुकुन्द भलिबल क्लबका अध्यक्ष लोकेन्द्र भण्डारी, लखन ब्रदर्शका अध्यक्ष सुनिल क्षेत्री, विद्यालयका सह-प्राचार्य भिमसेन गौतमले खेल विकासमा निजी विद्यालयको योगदानबारे प्रकाश पारेका थिए ।

# मेलाको टिकटले लुम्बिनी केबलकारमा छुट




बुटवल । बुटवल मण्डपमा जारी औद्योगिक व्यापार मेलाको टिकटले लुम्बिनी केबलकारको टिकटमा २५० रुपैयाँ छुट दिएको छ ।

मेला अवलोकन गर्न लिएको टिकट सुरक्षित राखेर केबलकार चढ्न चाहेमा ७ सय ५० रुपैयाँ दरको टिकट पाँच सय रुपैयाँमा पाइने गरी मेला आयोजक बुटवल उद्योग वाणिज्य संघ र लुम्बिनी केबलकार लि.बिच सम्झौता भइसकेको छ । मेला अवलोकन गर्न सर्वसाधारणका लागि ७० रुपैयाँ र विद्यार्थीका लागि ५० रुपैयाँ टिकट शुल्क निर्धारण गरिएको छ ।

मेलाको टिकट लिएर आउनेलाई मेला अवधि पुस १८ सम्म मात्र नभई पुस मसान्तसम्म छुट दिइने सम्झौता भएको केबलकारका अप्रेसन म्यानेजर डिएन कायस्थ सैजूले जानकारी दिए । कम्पनीले आन्तरिक र बाह्य पर्यटकलाई विभिन्न अवसरमा टिकट दरमा छुट दिने नीति अनुसार बुटवलको औद्योगिक व्यापार मेलाका दर्शकलाई पनि सहुलियत दिने उद्देश्यअनुसार यो अफर ल्याइएको कम्पनीका म्यानेजर प्रज्ज्वल घिमिरेले बताए ।

समुद्री सतहबाट करिब एक हजार मिटर उचाइमा रहेको केबलकारको टप स्टेशन बसन्तपुरमा तराईका ठाउँभन्दा ७ देखि १० डिग्री सेल्सियस कम तापक्रम हुने भएकाले गर्मी मौसममा शीतल र जाडो याममा घाम लागेर न्यानो हुने भएकाले पर्यटकको लागि रोजाइको केन्द्र बन्न पुगेको छ । बसन्तपुरमा प्रख्यात शक्तिपीठ कामाख्या देवीको मन्दिर र सय वर्षदेखि पूजाआजा हुँदै आएको दुर्गा माताको मन्दिरलाई पुनःनिर्माण गरी नयाँ बनाइएको छ ।

यी दुई मन्दिर हिन्दु धर्मावलम्बीका लागि विशिष्ट आकर्षण बनेका छन् । कामाख्या देवीको दर्शनले मनोकामना पूरा हुने र सांसारिक बन्धनबाट मुक्ति पाइने धार्मिक विश्वासले नेपाल र भारतका विभिन्न शहरबाट भक्तजनहरु उल्लेख्य संख्यामा आउने गरेको मन्दिरका मूल पुजारी सुरेश पौडेल बताउँछन् ।

माथिल्लो स्टेशनमा जीप लाइन, स्काई साइक्लिङ, बाल उद्यान, रेष्टुराँ, ज्वायन्ट स्वीङ (पिङ) लगायत पूर्वाधार बनेका छन् । अष्ट्रियाको विश्व विख्यात डुपलमायर कम्पनीबाट बनेको लुम्बिनी केबलकार २ किलोमिटर ६ सय मिटर लामो रहेको छ । २५ वटा गोन्डला रहेको केबलकारले दैनिक ६ हजार पर्यटक आवतजावत गराउन सक्छ । विश्वका विभिन्न देशमा सय वर्षदेखि १५ हजार बढी संख्यामा सञ्चालनमा रहेको यो केबलकारको प्रविधि विश्वमै अत्याधुनिक र सुरक्षित रहेको अपरेसन म्यानेजर सैंजू बताउँछन् ।

केबलकारले औद्योगिक ब्यापार मेलामा पनि स्टल राखेको छ । त्यहाँबाट पनि केबलकारको टिकट लिन सकिने कम्पनीले जनाएको छ ।

पुस ३ गतेदेखि १८ गतेसम्म १६ दिन सञ्चालन हुने मेलामा ५ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ ।

दुई संस्थाबिचको सहमतिले महोत्सव अवलोकन गर्ने दर्शक केबलकार चढ्न चाहेमा सहुलियत भई लाभान्वित हुने संघका अध्यक्ष हरिप्रसाद अर्यालले बताए ।

## सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को पुरस्कार तथा सम्मान सम्बन्धी अत्यन्त जरुरी सूचना !

१) संस्थाको पुरस्कार तथा सम्मान नीति २०७४ (संशोधित २०८१) अनुसार संस्थाबाट यस संस्थाम आवद्ध शेयर सदस्य वा शेयर सदस्यका छोराछोरीमध्येबाट कक्षा १२ मा उत्कृष्ट हुने विद्यार्थीहरुबाट विज्ञान, मानविकी, व्यवस्थापन, कानुन र शिक्षा संकायबाट प्रत्येक संकायमा १ जना गरी जम्मा ५ जनालाई र विपन्न शेयर सदस्यका परिवारमा (सम्वन्धित वडा कार्यालयको सिफारिसमा) उत्कृष्ट ३ जना गरी जम्मा ८ जनालाई संस्थामा प्राप्त निवेदनको आधारमा जनही रु १० हजारका दरले संस्थाको ३१ औं स्थापना दिवस तथा वार्षिकोत्सव कार्यक्रममा सम्मान गर्ने कार्यक्रम रहेको हुँदा सम्वन्धित २०८१ सालमा उत्तीर्ण विद्यार्थिहरु तथा निजका अभिभावक शेयर सदस्यहरुले देहायवमोजिका कागजात संलग्न गरी मिति २०८१ साल माघ ५ गतेसम्ममा संस्थामा आवेदन पेश गर्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

| | |
|---|---|
| क) नागरिकताको प्रतिलिपि | थान १ |
| ख) कक्षा १२ मा उत्तिर्ण लव्धाङ्क पत्र वा ट्रान्सक्रिप्टको प्रतिलिपि | थान १ |
| ग) विद्यालयको चारित्रिक तथा स्थानान्तरण प्रमाणपत्रको प्रतिलिपि | थान १ |
| घ) सदस्यसँगको नाता खुल्ने कागजातको प्रतिलिपि | थान १ |
| ङ) विपन्नता परिवार भए सम्वन्धित वार्ड कार्यालयको सिफारिस | थान १ |

२) सम्मान तथा प्रोत्साहन नीति २०७४ (संशोधन २०८१) अनुसार कुनै पनि क्षेत्रमा राष्ट्रको हितमा विशिष्ट योगदान पुऱ्याउने वा कुनै विशिष्ट पदमा पुग्ने वा विद्यावारीधि हासिल गर्ने सदस्यहरुलाई संस्थाले आगामी संस्थाको ३१ औं स्थापना दिवसको अवसरमा सम्मान गर्ने कार्यक्रम रहेकाले आ.व. २०८०/८१ मा विशिष्ट योगदान पुऱ्याउनुहुने सदस्य वा विद्यावारीधि उपाधि हासिल गर्नुहुने सदस्यहरुले यही मिति २०८१ साल माघ ५ गतेभित्रमा आफ्ना कागजात सहित संस्थामा आवेदन दिनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ । पुनश्चः म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै कारवाहि हुने छैन । पुरस्कार सम्वन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ ।

**कार्यक्रम सम्वन्धी विवरणः**

मितिः २०८१ साल माघ १७ गते विहीबार
समयः विहान १० वजेदेखि २ वजेसम्म
स्थानः संस्थाको कार्यालय अगाडि पट्टी (पार्किङ्ग स्थल)

विस्तृत जानकारीको लागि
सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.
तिलोत्तमा नगरपालिका वार्ड नं. ३, शंकरनगर रुपन्देही
तिलोत्तमा ३, शंकरनगर, रुपन्देही

# सचेतनामूलक बजार अनुगमन



परासी । पश्चिम नवलपरासीमा सचेतनामूलक बजार अनुगमन गरिएको छ । संयुक्त जिल्ला बजार अनुगमन समितिले रामग्राम नगरपालिका क्षेत्रका बजारमा सचेतनामुलक बजार अनुगमन गरेको हो ।

रामग्राम नगरपालिकाको वडा नं. १० र ४ मा रहेका पसलहरूमा अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका उद्योग अधिकृत पुरूषोत्तम पौडेलले जानकारी दिए । अनुगमनको क्रममा अधिकांश पसलमा मूल्य सूची नराखेको पाइएको नवलपरासीका उद्योग अधिकृत पुरूषोत्तम पौडेलले जानकारी दिए ।

उनको अनुसार पसलहरूमा, मूल्य सूची नराखको पाइएकोले मूल्यसूची राखी बिक्रीवितरण गर्न निर्देशन दिइएको हो । मिष्ठान भण्डार, किराना पसल ,फेन्सी पसल , औषधी पसल गरी १७ वटा पसलमा अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका मनोज चौधरीले जानकारी दिए ।

अनुगमन समितीमा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि खिमप्रसाद श्रेष्ठ उद्योग अधिकृत पुरूषोत्तम पौडेल उपभोक्ताहित संरक्षण मञ्च जिल्ला उपाध्यक्ष भोजराज बराकोटी पत्रकारलगायतको सभागिता रहेको थियो ।




## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं ।

-आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
-आवश्यक कागजात/प्रक्रिया पूरा गरौं ।
-नागरिक वडापत्रको प्रयोग गरौं,
-आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
-सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं ।
-सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं,
-जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरुलाई प्राथमिकता दिऔं ।
-सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं ।
-अनियमितता र भ्रष्टाचार विरुद्ध उजुरी गरौं,
-सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com